# कुराको सास्ती

## (व्यङ्ग्यकवितासङ्ग्रह)

बलदेव थापा

प्रकाशक

**शब्दयात्रा प्रकाशन**
अक्षरधाम, शब्दसाधक तीर्थ
बनेपा – ६, काभ्रेपलाञ्चोक
(प्रकाशनपुष्प : २५३)

प्रकाशनकाल : फागुन २०८२
प्रकाशनप्रति : ५०० मात्र
सर्वाधिकार : लेखकमा
संस्करण : द्वितीय (प्रथम संस्करण जेठ २०८२)
अक्षराङ्कन : सङ्गीता केसी
शुद्धीकरण : गीता अधिकारी
आवरणसज्जा : इ. रोशन मञ्जुश्री अधिकारी
मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स
मूल्य : रु. १५०।-

ISBN: 9789937989206

........................................................................................................................

**Kurako Sastee**

By Baldev Thapa, 9841337988

# मेरो भन्नु

'कुराको सास्ती', यो कवितासङ्ग्रह मेरो पहिलो कवितासङ्ग्रह हो । अहिलेसम्म मैले कविता लेखेको थिइनँ । कविता कस्तो हुनुपर्छ ? कुन-कुन शब्दको सम्मिश्रणबाट कविता बन्छ ? मलाई थाहा थिएन । यो छुट्टै प्रक्रियाबाट तयार गर्नुपर्छ होला भन्ने मेरो धारणा थियो । अनि कहिलेकाहीँ कविता वाचन गरिएको क्षेत्रतिर पुग्दा र सुन्दा राम्रो लाग्थ्यो । कविताबारे मेरो धारणा यस्तै थियो ।

यो कवितासङ्ग्रह पनि लेखिने थिएन होला । मैले हास्यव्यङ्ग्यसङ्ग्रहको किताब तयार पारेपछि मेरा श्रद्धेय उच्च व्यक्तित्व प्रा. रामकुमार पाँडेलाई भेट्न गएँ । 'यो व्यङ्ग्यजस्तो किताब तयार पारेको छु, हरि मञ्जुश्रीले यसको भूमिका लेख्ने विषयमा हजुरसँग कुरा गर्नुभएको थियो, हजुरले भूमिका लेखिदिन्छु भन्नुभएको रहेछ, त्यसैले पाण्डुलिपि लिए आएको हुँ' भनेर उहाँको हातमा मैले लगेको पाण्डुलिपि सुम्पिदिएँ । 'ठीक छ, म हेरेर भूमिका लेखेपछि फोन गर्छु अनि लिन आउनू' भन्नुभयो । त्यसपछि माहोल बदलियो । कुराकानी कवितातिर मोडियो र भन्नुभयो – 'कविता सुन्ने, वाचन गर्ने एउटा साहित्यिक थलो कुपण्डोलमा तयार पारिएको छ । फुर्सदमा त्यहाँ आउने गर्नोस् ।' मैले 'हस्' भनेँ । एक क्षण अरू कुराकानीतर्फ लागियो ।

त्यसपछि मलाई पनि कविता लेख्न सकसक लाग्यो र लेख्न थालेँ । पहिलो कविता लेखेर भाइ हरि मञ्जुश्रीलाई देखाएँ । 'यो के हो भाइ ?' भनेर भनेँ । हरि भाइले 'कविता नै हो' भनेर साप्ताहिक पत्रिकामा छपाइदिनुभयो ।

पछि मलाई फोन गरेर पाँडे सरले भेट्न बोलाउनुभयो । त्यति बेला मैले लेखेका कवितामध्ये एउटा कविता लगेर देखाएँ । उहाँले पढ्नुभयो । 'कविता राम्रो लाग्यो, यो व्यङ्ग्यकविता रहेछ' भन्नुभयो । 'यो अलि लामो भयो, तर यस्तो पनि चाहिन्छ । छ-आठ हरफको लेखौँ,

अहिले चलन त्यस्तो छ । त्यस्तो लेखौँ न ! छोटा कविता गजल पनि बन्न सक्छ’ भन्नुभयो ।

यो कुरा हो २०८२ वैशाखतिरको । त्यसपछि उहाँले भनेजस्तै छोटाखाले कविता पनि लेख्न थालेँ । ती यस किताबमा समावेश गरिएका छन् ।

मैले यतिसम्म भनिरहनुको कारण के हो भने उहाँले मलाई धेरै कुरामा सल्लाह दिनुभयो । आफूजस्तै बनोस् भन्ने भावना मैले उहाँमा पाएँ । यस्तो सम्पर्क र कुराकानी अन्य साहित्यिक व्यक्तित्वहरूसँग पनि नभएका होइनन् । तर उहाँको जस्तो भावना मैले कतै पनि पाइनँ । त्यसै भएर उहाँलाई धेरै उच्च व्यक्तित्व भएको ठहर गरेँ । उहाँलाई भित्रदेखि नै सम्मान गर्न चाहन्छु ।

कविता व्यङ्ग्य मात्र होइन, सुझावमूलक पनि छन् । कुनै-कुनै गजल पाराका भन्न मिल्नेछन् ।

यी कविता पढेर पाठकहरूलाई कस्तो लाग्यो, सल्लाह-सुझाव दिनुभए म आभारी हुने थिएँ । त्यस्तै यो किताब बनाउँदा मलाई सहयोग गर्ने सबैलाई म धन्यवाद ज्ञापन गर्दछु ।

**– बलदेव थापा**

**धन्यवाद !**

यो पुस्तक लेख्न घचघच्याउने मेरा परिवारजन उद्धव थापा, सृजना थापा, उमा थापा, उषा थापा, पविता थापा, अनिल गुमान्जू, गङ्गा बस्नेत र उमङ्गदेव थापामा हार्दिक धन्यवाद !

# प्रकाशकीय

पुराना पत्रकार बलदेव थापाले लेख्नुभएको व्यङ्ग्यकवितासङ्ग्रह 'कुराको सास्ती' प्रकाशन गर्न पाएर शब्दयात्रा प्रकाशनलाई हर्षको अनुभूति भएको छ । बनेपाको शब्दसाधक तीर्थमा सञ्चालित 'शब्दसाधक अतिथिगृह' मा बसेर उहाँले यो सङ्ग्रह तयार पार्नुभएको हो । शब्दयात्रा प्रकाशनलाई प्रकाशक बनाएर यो सङ्ग्रह छापिँदैछ । यस पुस्तकले गर्दा शब्दयात्रा प्रकाशन प्रकाशक बनेका पुस्तकको सङ्ख्या २५३ पुगेको छ । यस पुस्तकको प्रकाशन गर्नका लागि शब्दयात्रा प्रकाशनलाई योग्य देख्नुभएकोमा उहाँप्रति हामी हार्दिक आभार व्यक्त गर्दछौँ ।

बलदेव थापाको व्यङ्ग्यकवितासङ्ग्रह 'कुराको सास्ती' उहाँको प्रथम पुस्तक हो । यसमा ३८ वटा कविता र २८ वटा मुक्तक रहेका छन् । यी कविता र मुक्तकहरूमा देशको अवस्थामाथि संवेदनशील नागरिकको चिन्ता प्रकट भएको छ । राजनीतिक, प्रशासनिक र सामाजिक क्षेत्रमा देखापरेका अनेक प्रकारका विकृति र विसङ्गतिहरूलाई उहाँले यस सङ्ग्रहमा व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्नुभएको छ । कृषि, शिक्षा, स्वास्थ्य, संस्कृति, विद्युत, मानवीय प्रवृत्ति आदिजस्ता विषयहरू पनि यस सङ्ग्रहभित्रका कवितामा व्यङ्ग्यका वस्तु बनेका छन् । यसमा लेख्य भाषामा भन्दा कथ्य भाषामा बढी जोड दिइएको छ । कविताहरू छोटा-छोटा छन् । मुक्तकहरू चाहिँ छ हरफका छन् ।

प्रकाशनका क्रममा यस सङ्ग्रहको अक्षराङ्कन गरिदिने सङ्गीता केसी, भाषिक शुद्धीकरण गरेर भित्री साजसज्जा मिलाइदिने गीता अधिकारी, सुन्दर आवरण बनाइदिने सफ्टवेयर इन्जिनियर रोशन मञ्जुश्री र मुद्रणकार्यमा सहयोग गर्ने सर्वश्री क्वालिटी प्रिन्टर्सप्रति धन्यवाद ज्ञापन गर्दछौँ ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# कवितासूची

**कविताहरू**


१. अनुदान फेरि आउने भो : १
२. तिम्रो औँला किन बाङ्गो ? : २
३. नक्कलीलाई सक्कली बनाको : ३
४. यो सरकार नै खुनी : ४
५. यो मेरो देश : ६
६. म त बर्बादी : ७
७. कृषकलाई पुगिसरि आकै हो : ८
८. हाम्रो समाज : १०
९. मेरो राष्ट्रियता हरायो : १२
१०. वातावरण बिग्रेछ : १४
११. तस्करी दिवस खोइ ? : १५
१२. सबैभन्दा ठूलो काम : १६
१३. जिउँदै स्वर्ग जाने हो त ? : १७
१४. कालीदासको विकास योजना : १९
१५. अख्तियारको महत्त्व : २०
१६. अब बाटो हिँडेको नि पैसा तिर : २२
१७. कुकुरदेखि सावधान ! : २४
१८. हाम्रो गणतन्त्र : २६
१९. खान्दानी सुकुम्बासी : २८
२०. मेरो उपत्यका : २९
२१. हाम्रा नेता र जनजाति : ३१
२२. उता भैँसी रिसा छ : ३२
२३. बत्ती र कमिसन : ३३
२४. पूर्व विशिष्टको भत्ता : ३५

२५.	झोले कस्ता हुन्छन् ? : ३७
२६.	हामी भाते बन्दैनौं : ३९
२७.	अक्षरको बहादुरी : ४०
२८.	खराब को हो ? : ४२
२९.	वैद्यको उपचार : ४३
३०.	दाममहिमा : ४४
३१.	घमण्ड नगर : ४६
३२.	जताततै विषादी : ४८
३३.	हाम्रो उड्नेको कमाइ : ५०
३४.	बण्डापत्र : ५२
३५.	आतङ्कै-आतङ्क : ५४
३६.	दु:ख लेक र बेंसीको : ५५
३७.	समयको परिवर्तन : ५६
३८.	राजनीतिको परिभाषा : ५७

**मुक्तकहरू**

१.	दोष : ५९
२.	कमाको र रमाको : ५९
३.	मात्तेको : ६०
४.	एकपटक मात्र मर : ६०
५.	मति खोइ ? : ६१
६.	हाँस्नु र रुनु : ६१
७.	माथि र तल : ६२
८.	उज्यालो : ६२
९.	चिसो आगो : ६३
१०.	भजन मण्डली : ६३
११.	मान्छे र मानिस : ६४

१२. चन्द्रमा : ६४
१३. पाप र धर्म : ६५
१४. बाटो : ६५
१५. फर्केर आएन : ६६
१६. मान्छे किन फुल्छ ? : ६६
१७. मान्दै मानेन : ६७
१८. कुरा : ६७
१९. जिम्मा : ६८
२०. लाज : ६८
२१. पीडक र पीडा : ६९
२२. भुटेको बुद्धि : ६९
२३. खल्ती नीति : ७०
२४. जात्रै-जात्रा : ७०
२५. को दोषी ? : ७१
२६. कैँचीमारा नीति : ७१
२७. फाइदा : ७२
२८. ठूलो स्वर : ७२

## समर्पण

पिताजी हरिबहादुर थापा र
माताजी चित्रकुमारी थापामा !

# अनुदान फेरि आउने भो

ए ह्वाँहरू हो, मुख आँ गरेर बस
अनुदान र सहयोग फेरि आउने भो ।

गरिबका फाटेर घेरा मात्र भएको टोपी देखाओ
त्यस्तै लँगौटी र कछ्याड देखाओ ।

अनि आफू सुटेडबुटेड भएर जाओ
उनीहरूले दिएको सहयोग र अनुदान फेरि पनि खाओ ।

ए ह्वाँहरू हो, मुख आँ गरेर बस
अनुदान र सहयोग फेरि आउने भो ।

खाको छैन भनौला
हो हो भनी हामी पनि ताली बजाउँला ।

ए ह्वाँहरू हो, मुख आँ गरेर बस
अनुदान र सहयोग फेरि आउने भो ।

नखाओ भनौँ भने रिसले आँखा टेडो पारौला
खाओ खाओ, जरैसम्म खाओ, अरू त के गरौला ।

ए ह्वाँहरू हो, मुख आँ गरेर बस
अनुदान र सहयोग फेरि आउने भो ।

(२०८१/१२/३ मा मध्यमार्ग साप्ताहिकमा प्रकाशित)

# तिम्रो औँला किन बाङ्गो ?

हेर हेर मान्छे कति नाङ्गो
फेरि उनैका औँला किन बाङ्गो ?

ए सुल्तानहरूका बा ! तिमी किन नाङ्गो ?
तिम्रा औँला किन बाङ्गो ?

सोझो औँलाले घिउ नआउने भेर मेरो औँला बाङ्गो
घिउ झिकेसि औँलामा लागेको घिउ
जिउमा दल्न म भाको नाङ्गो ।

घिउ दल्ने गर्दा हेर त मेरो जिउ कति चिल्लो
जो म छेउ आउँछ, ऊ पनि बन्छ चिल्लो ।

खाने पनि कि जिउमा दलिरहने घिउ ?
खाने पनि दल्ने पनि आफ्नो मर्जी गर्छ घिउ ।

केही नपाए ह्याँ औँलाका कुरा गर्छन्
मैले घिउ खाको लाको देखेर डाहाले मर्छन् ।

तिनीहरू डाहाले मरिरन्छन्, के भन्छन् के भन्छन्
मैले खाएको र लाएको गनिरन्छन् ।

सम्पूर्णमा पूर्ण भाको एक म छु
जजसले जेजे भन्छन् भनिरहुन्, डराउँदिनँ म कछु ।

लौ, दाजु-भाउजू सबै तिम्रै रहेछन्
ढुक्क भएर घिउ खाऊ लाऊ, अरू हेरिरहन्छन् ।

ए सुल्तानहरूका बा ! तिम्रो औंला त सारै खराब रछ
यसले केही देख्दैन, खाइरहूँ मात्र भन्छ, कति भोको रछ ।

घिउमा भुत्भुते खेल्न मात्र खोज्छ
वरिपरिका सबै सोरेर गुँड बनाउँछु भनिरहन्छ ।

तिम्रो औंलाले लाज मान्दैन
यो खान नहुने र यो लाउन नहुने भनेर जान्दैन ।

घिउ झिक्न बनेको औंला भन्छौ
संसारै झिकी सक्यौ, अब बाँकी के खोज्छौ ?

●

# नक्कलीलाई सक्कली बनाको

भाउजू, ओ भाउजू ! यो खान नहुने चीज नखाऊ
अरूले खान हुने हुने छानेर खाका छन्, तिमी यो नखाऊ !

कि त तिमी पनि खान हुने मात्र छानेर खाऊ
होइन भने यस्ता हर्कत किन खान्छेउ नखाऊ ।

तिमीले खाने भए टीकापुरको जमिन खाऊ
भुटानी कुरा मलाई था छैन खाए खाऊ नखाए नखाऊ ।

तिम्रो आफन्तहरूले जेजे पस्कन्छन् त्यही त्यही नखाऊ
राम्ररी हेरेर बुझेर अनि मात्र खाऊ ।

अलि उफ्रन सक्यौ भने प्रधानमन्त्री खाऊ
छाडिदेऊ यो भारेभुरे मन्त्री पनि नखाऊ ।

लेख्न-पढ्न सबै जानेकै छ्यौ
लेख्दाभन्दा पढ्दा सबैलाई हसाउँछ्यौ ।

यति सरल र शिष्टतामा तिमी छ्यौ
सबै कुरो जान्दाजान्दै खान नहुने कुरो किन खान्छ्यौ ?

हेर-हेर त्यो कसम किन खाको ?
हैन खाको, कसम नक्कलीलाई सक्कली बनाको ।

●

# यो सरकार नै खुनी

नीति नै नभएको राजनीति कस्तो हुन्छ ?
राजनीति नै नभएको नीतिजस्तो हुन्छ ।
जहाँ माथिका नीतिहरू दुवै छैनन्, त्यहाँ के हुन्छ ?
हो, दुवै नीति छैन भने त्यहाँ बकवास नीति हुन्छ ।

राजनीति भन्छन् अहिले नेपालमा त्यही नीतिकै राज छ
जेजे गर्नुपर्छ देशमा सबै त्यसैले गर्छ ।
यहाँ मिटिङले काम गर्दैन, सेटिङले काम गर्छ
बिचौलियाहरू फष्टाका छन्, त्यसैले राज गर्छ ।

हाम्रो सरकार दङ्ग छ तिनै तत्त्वहरूबाट
देश ओल्टाउने पल्टाउने हुने गर्छ यिनैबाट ।
कसले ल्याएर हुलिदियो यिनलाई नेपालमा ?
यो काम पनि बिचौलियाबाट हुने गर्थे त्यस बेलामा ।

हाम्रो सरकार राम्रो छ भनेर हामी दङ्ग पर्छौं
तस्कर पोसेर देश खोक्रो बनाउँदा नि
हामी उसैको शरणमा छौँ ।

नीति र राजनीतिले काम गरेको भे नीतिगत हुने थेन
बिचौलिया र तस्करहरू अन्तै हुन्थे, ह्याँ देखिने थेन ।
बिकेको खोपडीले राजनीति गर्दैन
राम्रा मान्छे र राजनीति त्यो खोपडीलाई मन पर्दैन ।

त्यसै भेर अहिले ठेगान लाग्दैछन् विरोधी चुनीचुनी
लोकतन्त्रवादीले भन्ने गर्छन् यो सरकार नै खुनी ।

●

# यो मेरो देश

यो मेरो देश, सगरमाथा भाको देश
कति राम्रो देश कति सुन्दर देश ।
गौतम बुद्ध जन्मेको देश
आनन्दको ऊर्जा छर्ने देश ।

प्रजा बेचेर खाने देश
लोकतन्त्र हराएको देश ।
टाउको होइन, खाली हाँडी भाकाले राज गर्ने देश
गाउँमा बस्तीहरू निखँदै गरेको देश ।

भाङ्ग्रे नेताहरू सप्रेको देश
गरिब चारैतिरबाट निचोरिएको देश ।
नियम-कानून समान नभएको देश
प्रधानमन्त्रीले व्यापारीसँग उपहार लिने देश ।

बोलीपिच्छे झूट र पाइलैपिच्छे भ्रष्टाचार हुने देश
२०८१ सालसम्ममा २७ खर्ब ऋण बोकेको देश ।

प्रधानमन्त्रीले १ जनालाई २ पटक गरेर
एक खर्ब कर मिनाहा गरेको देश
विदेशीले हेरेका छन् यिनीहरूको सबै केश ।

त्यसबाट 'ग्रे लिष्ट' मा परेको देश
दुर्भाग्य, यस्तै छ मेरो देश
मैले गौरव गर्ने कि नगर्ने ? भन्देऊ न ए मेरो देश ?

●

# म त बर्बादी

हामी-तिमी काँको वादी ? सुर्खेत कि बालुवाटारको वादी ?
यस्ता प्रश्न नगर मलाई, म त लोकतन्त्रवादी ।

म त आफैँ बर्बादी
तिमी रछौ लोकतन्त्रवादी ।

खोइ त लोकतन्त्र ? काँ पठायौ ?
लोकतन्त्रकै ठेकेदार रछौ, पाल्न सकेनौ, अन्तै पठायौ ।

कस्ता मान्छे, घरघरमा सिंहदरबार छ
लोकतन्त्र किन अन्त जान्छ ?

ठिकै हो, तिम्रो घरमा लोकतन्त्र पालो बसेकै होला
तिमी लोकतन्त्रवादी, तिम्रो घरमा सिंहदरबार नि होला ।

ठेकेदार र झोलेले यस्तै धाक लगाउने हो
लोकतन्त्र र गणतन्त्रलाई बस्न नदिने तिमीजस्तैले हो ।

मेरो घरमा लोकतन्त्र नि छैन, सिंहदरबार नि छैन
म भजन मण्डली होइन, झ्यालीझाम्टा नि छैन ।

तिमीले भन्न बाँकी, अब म त गणतन्त्रवादी हो
गणतन्त्रको हालत त्यस्तै बनाइसक्यौ, बाँकी के वादी हौ ?

●

# कृषकलाई पुगिसरि आकै हो

हामी कृषिप्रधान देशका कृषकहरू
मलखाद छैन, त्यसैले फस्टाका छन् टनेलहरू ।

कौसी खेतीको नि बेलाबेलामा हल्ला गर्छन्
सरकारका मतियारहरू
दिवस मनाउन गमलामा धान रोप्छन् ।

गमलाको उब्जनीले यता भकारी रित्तै
उता धान निर्यात गर्छौं
टनेलको बेसिजन तरकारीले पेट भर्छौं ।

कौसीखेतीको उब्जनी त नाफैनाफा
त्यसैले कृषिप्रधान देशका हामी कृषक भाका ।

हामी कृषक आफ्ना खुट्टामा आफैं उभिएका छौं
सरकारजस्तो बुख्याँचा हो र बाँदर धपाउन बस्छौं ?

नेपालमा दानको सट्टा अनुदानको होड चल्या छ
५ वर्षमा १ खर्ब ७ अर्ब त कृषि अनुदानमा गा छ ।

अनुदान दिनेले मलाई ३ करोडमा सही गराको
मैले १ करोड पाको, २ करोड काँ गाको गाको !

कौसी खेती भन्छ, मैले १ करोडमा सही गरेको
त्यसमा २५ लाख हात आको, अरू त्यस्तै भाको ।

कृषिप्रधान देशको अन्न जसरी बिलाको
हाम्ले पाउने अनुदान नि त्यस्तै भाको ।

ल हेर्नोस्, कृषिप्रधान देश नभा भे हामी के खाने ?
गमलामा धान नरोप्या भे हाम्रो देश कृषिप्रधान नहुने ।

धन्न नेपालीलाई जुरेकै हो
अरू हेरीकन कृषकलाई पुगिसरि आकै हो ।

●

# हाम्रो समाज

यो उहिलेको होइन अहिलेको समाज
कति राम्रो छ नेपाली समाज ।

दुई पाङ्ग्राले तानेर ह्याँसम्म ल्याको समाज
आधा-आधा आकाशले सुधारिएको समाज ।

बुद्धिजीवी र विद्वान्‌ले भरिएको समाज
यिनलाई पनि लट्पट्याउने समाजभित्र छ समाज ।

उसले आफूलाई हेर्दैन, छिमेकीहरूलाई हेर्छ
उनीहरूकै कुरा गर्छ, उनीहरूकै कुरामा रमाउँछ ।

जसको दिमागमा गोबर भरिएको छ
उही ठूलो हुन खोज्छ
उसलाई सबैले मानेन भनेर रन्कन्छ, फन्कन्छ ।

यही पाराले कति काल गए
त्यस्ता मान्छेहरू समाजबाट कति हराए हराए ।

हराउने र पाउने समाजको परम्परा रहेछ
एउटा हराउछ, दुइटा पाउँछ, बराबर नहुने रहेछ ।

यो समाजभित्रको समाज यस्तै रछ
शिक्षा त यसले नि धेरै दिने रछ, लिने नभर खेर गएछ ।

अर्को छ समाज बाहिरको समाज
थोरै खान धेरै खोजिरहन्छ त्यो समाज ।

चारैतिर सोरेर घरभरि थुपार्छ
बासीमाथि बासी थप्दै त्यही बासी खान्छ ।

त्यसपछि उसको दिमाग, बुद्धि र ल्यागत सबै बासी
त्यही बासीको प्रभावले चाँडै बन्छ स्वर्गवासी ।

अनि समाजभित्रको समाजले भन्छ हेर त्यो मरेछ
कमाउँदा थुपार्दा बदनाम कति भो
आखिर त्यो खाने अरू नै भएछ ।

समाज बाहिरको समाज किन यस्तो भाको ?
सत्य के हो देख्दादेख्दै किन मरिहत्ते गरेको ?

समाजलाई पढ्नुपर्छ भन्थे र अलिअलि पढेको
जति पढे नि नसकिने रछ, त्यसैले पढ्नै छाडेको ।

●

# मेरो राष्ट्रियता हरायो !

यतिका वर्ष भैसक्यो मेरो राष्ट्रियता फर्केन काँ हेर्ने ?
के खायो होला ? के लायो होला, पीर मात्र लाग्छ के गर्ने ?

कसैले भेट्नुभयो भने नजिकको चौकीमा बुझाइदिनु
मैले त संसारै खोजिसकेँ, कहीँ पनि छैन, के भनूँ ?

सिंहदरबारमा छ कि भनेर गाको, बालुवाटारमा नि नभाको
बुढानीलकण्ठमा नि छैन, शीतलनिवासमा पहिल्यैदेखि नगाको ।

बालकोटमा नि खोजियो, कोटेश्वरमा नि छैन
यमिराम र झल्लुरामकोमा त गाकै छैन ।

दस वर्षमा सत्र हजार मारेको भन्नेहरूकोमा त नजिक नि जाँदैन
न्यायालयमा छ कि प्रशासनमा छ भनेर खोजेको, त्यहाँ नि छैन ।

होइन, कल्ले लुकाएर राख्यो मेरो राष्ट्रियता ? कतै नि पाइन
दौरा, सुरुवाल र भक्तपुरे कालो टोपीमा छ कि भनेको,
त्याँ नि छैन ।

झण्डामा छ कि भनेर खोजेको त्याँ नि छैन
भूतबङ्गला बनेको नारायणहिटीमा त म गइनँ ।

सुस्ता र लिम्पियाधुरामा खोजेको, त्याँ नि छैन
लुम्बिनी र महाकालीको कुनै भागमा नि छैन ।

नेताहरूको दरबारमा छ कि भनेर खोज्न गाको
भन्छन् उसैको नाम लेर हसुर्नसम्म हसुरेसि निकाल्देको ।

पार्टीहरूमा खोज्न गाको मेरो राष्ट्रियता
हैन हौ ! मेरो राष्ट्रियता त्याँ नि छैन, कता गो कता ?

अब त मलाई यकिन हुन बाँकी भो हेर
मेरो राष्ट्रियतालाई कसैले खाए बेचेर ।

म गलिसकेँ, थाकिसकेँ, कति खोजूँ ?
मेरो राष्ट्रियताविना म कसरी बाँचूँ ?

●

# वातावरण बिग्रेछ

सप्रन नमानेर वातावरण बिग्रेको होइन हाम्रो देशमा
वर्षा हुँदैन, पानी छैन खोलामा
पग्लिन थाल्यो हिउँ हिमालमा

वनजङ्गलमा प्लटिङ हुन थाल्यो
जापानमा जस्तै ह्याँ नि भूकम्पले धक्का दिन थाल्यो
पानी पार्ने कसले ? जङ्गल मास्ने को ?
घुमाई-फिराई दोष दिन्छन् वातावरण बिग्रेको

वनजङ्गल सपार्ने, हरित ग्यास बनाउने
बाहिर देशमा त्यही ग्यास बेच्ने
त्यस्तो सम्मेलनमा भाग लिन प्रधानमन्त्री गाको
ग्यास बेचेर डलर नि मनग्ये ल्याको

खोई त्यो डलर काँ खर्च गरियो ?
कि यता आउन नमानेर डलर उतै फर्कियो ?
बाढी र पहिरोले जनधनको क्षति गरायो
विस्थापितलाई घर बनाइदिने कुरा कता हरायो

यो देशको सरकारले भन्ला पहिरो मैले पठाको हैन
बाढी पनि मैले ल्याइदेको छैन
हेर-हेर, हाम्रो सरकार कति मीठो बोल्छ
मसिनो स्वरमा खस्रो विष घोल्छ

वातावरण बिग्रेर जनताको उठिवास भो
त्यो र भूकम्प देखाएर सरकार मालामाल भो
वातावरण त सरकारलाई बिग्रेछ
हाम्रो भागमा उही बाढी-पहिरो मात्र रहेछ ।

●

# तस्करी दिवस खोइ ?

३६५ दिनमा हामी ३६६ दिन दिवस मनाउँछौँ
र त हामी जे बनाउनुपर्ने हो, त्यही दिवस हेरेर बनाउँछौँ ।

जङ्गल दिवस मनाएसि काठ-दाउरा दिवस मनाउने
शिकारी दिवस मनाएसि जरायो-मृग दिवस मनाउने ।

भ्रष्टाचार दिवस खोई ? तस्करी दिवस छैन ?
२ नम्बरीको दिवस कता गो ?
मनाउनुपर्ने यस्ता दिवस मनाउँदैनन्, हाम्ले के भन्नु ? भैगो ।

जल्दोबल्दो तरिकाले देशमा काम गर्ने यिनै हुन्
यिनकै दिवस छैन, अरू लाखौँ दिवस भे नि के गर्छन् ?

यिनका काम हेर कति गाह्रो छ, काँको सामान ह्याँ ल्याउनुपर्ने
अरू उद्योग मालिकले सञ्चालन गर्छन्
यो उद्योग विनामालिक सञ्चालन हुने ।

ह्याँ सुन आफैँ आउँछ कसैले ल्याउनुपर्दैन, समातिन्छ, बस्छ
अनि छानबिन आयोग गठन हुन्छ
सुन आफ्नो बाटो लाग्छ, आयोग सुन खोज्न थाल्छ ।

जसले यस्तो गाह्रो काम गर्छ, उसकै दिवस छैन
अनि यो देशको विकास कसरी हुन्छ ? सम्भवै छैन ।

●

# सबैभन्दा ठूलो काम

संसारै ओसारिसके घाटमा एक दिन आफू नि ओसारिन्छन्
मान्छे नउम्रने भए बस्ती सबै शून्य हुन्थे, त्यो कल्ले देख्छन् ?

घाटमा छउन्जेल सबै दिक्क मान्छन्
त्यहाँबाट फर्केपछि सबै बिर्सन्छन् ।

मलामीको काम यत्ति हो घाटमा त रुन्छन् पनि
जिन्दगी केही होइन, हेर भोलि दुई दिन हुने ।

यही दिनले रुवाउने यही दिनले हँसाउने
सम्झाउनेभन्दा गर्छ धेरै बिर्साउने ।

यही दिनले नयाँ-नयाँ खेल खेलाउँछ
आलो-काँचो बुद्धिलाई पनि यसैले पाको बनाउँछ ।

हेर त जिन्दगी के रहेछ ? एक दिनको मलामी पो भएछ
मानिसको सबैभन्दा ठूलो काम त्यही नै रहेछ ।

सास नहुँदा लास हुने जिन्दगीलाई सबै चाहिने
भन्दा त्यो पनि पहिले राखेको जति मात्र पाइने ।

यो सम्झना सबैले नबिर्से हुन्थ्यो
स्वर्गको झल्को यसैले दिन्थ्यो ।

यहाँ त जिउँदो लास यत्रतत्र छरिएका पनि छन्
कसलाई घाट लाने कसलाई कफनले छोप्ने
मलामी नै झुक्किन्छन् ।

●

# जिउँदै स्वर्ग जाने हो त ?

मरेपछि स्वर्ग गइन्छ नै भन्ने के छ र
त्यसैले जिउँदै स्वर्ग जाने बाटो बनाको हेर ।

आउनुहोस्, टिकट काट्नुहोस्, स्वर्ग जानुहोस्
दुई-चार महिना स्वर्गमा ऐशआराम गरेर फर्कनुहोस् ।

यता फर्केपछि नयाँ जीवन जिउने तरिका इन्द्रसँग सिक्नु
लोभानि-पापानिबाट मुक्त हुने कसरी त्यो पनि जान्नु ?

एकजनाले लाउडामा तिर्नेजत्तिकै भाडा तिरे पुग्छ
सस्तो छ, गणतन्त्रको जनतालाई अलि कम गर्न सकिन्छ ।

त्यसो भे हामी पछि जाउँला, पहिले नेतालाई पठाइदेऊ
पठाउनु त हुन्थ्यो, नेताले भन्छन् विनाटिकट लगिदेऊ ।

नेतालाई यही नै स्वर्ग छ, जानै मन गर्दैनन्
तैपनि मिलाएर लैजाऊ न त भन्यो, बटारिन्छन् ।

जिउँदै स्वर्ग जाने बाटोको उद्घाटन गर्न बोलाऊ
नेता लाइन लागेर आउँछन् अनि पठाऊ ।

स्वर्ग जाने बाटो बनाउन लगानी ककसले गरे ?
लगानी त्यति नचाहिने रहेछ, सहकारीजतिले गरे ।

त्यसैले सहकारी टाट पल्टेका रहेछन्, होइन ?
सहकारी टाट पल्टाउन गिरोह लागे, हाम्रो लगानीले होइन ।

अब सहकारीले लगानी गरेका धितो लिलामी गर्ने रे
बाँकी त्यो पनि डकार्ने भए, बचतकर्ता विचरा त्यसै मरे ।

धन्न हाम्रा सरकारले इन्द्रसँग सम्झौता गऱ्या थे
नत्र जिउँदै स्वर्ग जाने कुरा परिकल्पना मात्र हुने थे

यस्ता काम गर्न त हाम्रो सरकारलाई कसले भ्याउने ?
त्यसै भेर अमेरिकादेखि नेपालसम्म यिनकै नाम आउने ।

●

# कालीदासको विकास योजना

झापाको भ्यूटावर र काठमाडौँको भ्यूटावरलाई चिनाजानी गरौँ
अनि माथिमाथि पोडवे, तल झोलुङ्गेपुल निर्माण गरौँ ।
जसरी भए पनि नयाँ कालीदासका संरचना उपयोग गर्नुपर्छ
नत्र त्यत्रो लगानीले हाम्रो पुस्तालाई गाली गर्छ ।

कुरा त ठिकै हो, तर त्यसमा लगानी कसले गर्छ र ?
हाम्ले आइडिया मात्र दिने हो, हुन्छ भने लगानी गर्ने धेरै छन् हेर
३ हजार रोपनीमा जग्गा किन्ने, ७ लाख रोपनी भन्दै केबलकार चलाउने
लगानी गर्ने यस्ता नयाँ कालीदास बजारमा कति पाउने पाउने ।

काम न हो, मान्छेलाई अहिले काम चाहिएको छ
कसैलाई कमिसन चाहिएको होला त्यो पनि मिल्छ ।
नेपालमा यसले पर्यटक थामिनसक्नु ल्याउँछ
काठमाडौँ र पोखरामा अर्को पोडवे चलाउनुपर्छ ।

सरकारको नयाँ यातायातले पर्यटकको चाप धान्नै सक्दैन
यो युगमा नयाँ संरचना केबलकार र पोडवेको विकल्प छैन ।
हेर्नोस् त, यति नगरे विकास गरेकै नदेखिने भो
लौ कालीदास हो, नयाँ इतिहास रच्ने हो भने यतै लागे भो ।

यसमा भ्रष्टाचार हुँदैन, एकेकओटा हेली छतमै हुनेछ
त्यो दोषी राजनीति छाडेर हेली चलाउन सिक्न गए हुन्छ ।
भ्रष्टाचार त हामी गर्दैनौँ, अरूलाई नि गर्न दिन्नौँ
यस्तै चोखो विकास गर्ने हो भने सरकार हामी पछि हट्दैनौँ
यो समृद्धिको अचुक औषधि पनि हो
गरिबलाई चारैतिर खोज्नुपर्छ, त्यसको प्रमाण त्यही हो ।

●

# अख्तियारको महत्त्व

नेपाल प्रहरी र अख्तियार असल छिमेकी भएर बस्या छन्
अख्तियारको काम एउटै हुन्छ प्रहरीले काम धेरै गर्छन् ।

सुरक्षा र सुनदेखि नोटसम्म प्रहरीले समाउँछ
अख्तियार ठूलो माछा र सानो माछा छुट्यार बस्छ ।

दुवैले मुद्दा दर्छन्, पहिले त सातो झार्छन्
तीसौँ अर्बको बिगो हुन्छ, ४० लाख धरौटीमा छुट्छन् ।

अनि भन्छन् हाम्रो काम जस पाउने कामै होइन
काम त राम्रै गर्छन्, कानूनको बुँदाले जस दिँदैन ।

त्यही बुँदाले माछा पालेर बस्या छन् ।
भूमिगत पोखरीमा माछा खुब फस्टाका छन् ।

अहिलेका कानून माछा कसरी छुटाउने भनेर बन्छन्
बाहिर अरूलाई माछाको खैरियत छैन भन्छन् ।

अख्तियार त हामी सबैलाई चाहिने नै भो
हामी गरिबलाई भन्दा नि उनै ठूला माछालाई ठीक भो ।

गरिबको अप्ठेरो हेर्न कानूनको दायराले दिँदैन
काँ-काँ सेटिङले काम गर्‍या छन्, अख्तियारले देख्दैन ।

अख्तियार समाउन हिँडिरहेकै हुन्छ, काँ-काँ जान्छ जान्छ
जान्नेलाई श्रीखण्ड, नजान्नेलाई खुर्पाको बिँड भने हुन्छ ।

यस्तो रमाइलोको डिलमा अख्तियार बस्या छ
यो सबै देखेर हाम्रो सरकार नि खुब हाँस्या छ ।

हामी पनि त्यो अख्तियारलाई देखाएर खुट्टा दह्रो पार्छौं
अख्तियारको काम-कर्तव्य त होनहारै हो भनेर गर्व गर्छौं ।

यिनी भनेका माछ्राका हुन्, बेमानहरूका हुन्
उसको कामै उनीहरूलाई समाउने र रमाउने गर्छन् ।

हाम्लाई त केही छैन, हामी कानूनको दुरुपयोग गर्दै गर्दैनौँ
त्यसै भएर हामी अख्तियारको महत्त्व नै जान्दैनौँ ।

●

# अब बाटो हिँडेको नि पैसा तिर

यता हेर्नोस् त - यो बाटो काँ जान्छ ?
आफू जाँ जाने हो त्यहीँ जान्छ ।

सिंहदरबार जाने भनेर आको, यो बाटोले त गोकर्ण ल्याको
प्रधानमन्त्रीकी नातिनीको बिहे यै हो त्यसैले भन्छ यता ल्याको ।

भोज खानोस् अनि अर्को बाटो समातेर जाने ठाउँमा जानोस्
कस्तो उल्लु बाटो रहेछ
कसैको बिहे देख्न नहुने भन्छ भोज खानोस् ।

भएन, अब अर्को बाटो समाउनुपर्ला भनेर समाको
त्यसले त सोझै बालमन्दिरतिर पो पुऱ्याको ।

मलाई बालमन्दिरको के काम ? तैपनि त्याँको रजगज हेरियो
अब जाने भनेर लागेको त्यो बाटोले त चन्द्रागिरी पो पुऱ्यायो ।

यो बाटोले त्यो बाटोलाई जिम्मा लगाएर भन्छ लौ तिर्नोस् पैसा
म भन्छु केको पैसा ? ऊ भन्छ ह्याँ त तिर्नुपर्छ बाटो हिँडेको पैसा ।

घुमाई-फिराई पैसा तिराउन चन्द्रागिरी ल्याको
बाटो हिँड्दा नि पैसा तिर्नुपर्ने के नियम बनाको ?

अहिले ह्याँतिर पछि अन्त नि तिरौँला
यो नियम होइन, सरकारले गरेको विकास माथि हेरौँला ।

माथि तल हेर्ने काम त्यही सरकारले हेरोस्
म त सिंहदरबार जाने हो, जेजे गर्छ गरोस् ।

हुन्न, त्यत्रो बाटो हिँडेर ह्याँ आइसक्यौँ, त्यसको पनि पैसा तिर
उता तीन बाटोको तीन सय
यताको दुई सय जम्मा पाँच सय तिर ।

माथि गए जाऊ नगए नजाऊ
ह्याँको पैसा तिर, जाँ जान्छौ जाऊ
कस्तो अन्याय,
बाटो हिँडेको नि पैसा तिर्नुपर्ने, कति खान्छौ खाऊ ।

यहाँ सरकार छैन भनेको यही हो ?
होइन, सरकार त छ, यो खाने र ख्वाउनेको नमुना हो ।

●

# कुकुरदेखि सावधान !

घरघरमा गाई पाल्ने चलन हराए
पुरोहितले पनि गाई दान नलिने भए ।

गाई दानको सट्टा पैसा दान गरौँ भन्छन्
पैसाको पुच्छर हुँदैन, त्यस्तो दान गरेर वैतरणी कसरी तर्छन् ?

अहिले त गाईभन्दा कुकुर पाल्ने फेसन आको छ
बिहान छिमेकीको दैलोमा कुकुर लग्न पाए कति मजा आउँछ ।

गाई पाले दूध खान पाइने
कुकुर पाले छिमेकीको गाली खाइने ।

यो परिवर्तनमा गाईको दूधभन्दा छिमेकीको गाली प्यारो छ
गाईले नगर्ने काम कुकुरले गर्छ
छिमेकमा चोर आए नि कुकुर भुक्छ ।

छिमेकीको गाईले हाम्लाई दूध दिँदैन
तर हाम्रो कुकुर त छिमेकीको चोर लघार्न पछि पर्दैन ।

अचेल कुकुर पनि पाल्नुपर्दैन, कुकुरको काम बोर्डले गर्छ
'कुकुरदेखि सावधान' लेखेको बोर्ड देखेर चोर आफैँ दङ्ग पर्छ ।

त्यस्तो बोर्ड देखेपछि चोर पनि त्याँ जाँदैन
किनभने त्यो घरमा भएजति सबै कुकुर भन्छ जाँदैन ।

मान्छे धेरै सभ्य भएपछि कुकुर पाल्ने
कुकुर नभाको घरमा
'कुकुरदेखि सावधान' लेख्नेलाई कति सभ्य मान्ने ?

ल हेर्नोस्, कुकुरको अर्को एउटा गुण छ
उसले जिउँदै स्वर्ग लान्छ
वैतरणीको झन्झट पर्दैन, स्वर्गको बाटो देखाउँदै पछि लाग्छ ।

जिउँदै स्वर्ग नगएर मरेपछि वैतरणीमा किन पस्छौ
कुकुरलाई रिझाएर राख, तिमी पनि जिउँदै स्वर्ग जान्छौ ।

●

# हाम्रो गणतन्त्र

गणतन्त्र आको भनेर हामी दङ्ग भाको
हाम्ले केही नपाको, गणतन्त्रमा जसले पाको उसैले खाको ।

नगरपालिका धेरै, पालिका झन् धेरै, राज्य त सात मात्र हो
यस्तो बिघ्न गर्न सक्ने सिस्टम चलाउन किन नसक्ने हो ?

गणतन्त्र भनेको हल्ला हो ? कि भ्युटावर हो ?
फटाहाहरूले जे भन्छन् त्यही पत्याउनुपर्ने के हो ?

उ बेलाका नगरपालिका भा भे
खोलामाथि घर बनाउन नक्सा पास हुने
अहिलेका नगरपालिका के गर्छन् के गर्छन् भन्नै नहुने ।

एकजनाले एउटा कुरा गर्छ, नक्सापास रोकिन्छ
त्यही नजिकमा घर बनाउने अर्को नक्सा पास हुन्छ ।

गणतन्त्र भनेको यस्तै हुकुमी शासनजस्तै हो ?
सबैलाई समान रूपले व्यवहार गरिँदैन, किन हो ?

गणतन्त्रमा स्थानीय निकायभन्दा बलियो कोही छैन
कस्तो पक्षपाती छ स्थानीय निकाय भनी साध्य छैन ।

यस्तै भएर हो मुद्दामामिला र सेटिङ मौलाउन थालेको
पारि गाउँको काङ्ग्रेस र
वारि गाउँको एमालेले यस्तै रोग पालेको ।

उपचार नै छैन अशक्त भैसके औषधि किन बन्दैन ?
कानून भए झ्यालबाट नि बन्थ्यो, औषधि त्याँबाट बन्दैन ।

त्यस्ता विद्वान्हरू स्मार्ट सिटीको कुरा गर्छन्
स्मार्ट सिटी भनेको नक्सापासजस्तै ठान्छन् ।

अहिलेको स्थानीय निकाय भनेको कुरा धेरै जान्ने
मान्छे लट्पटाउन र काम पाखा लगाउन फिक्री नमान्ने ।

●

# खान्दानी सुकुम्बासी

हेलो कामरेड ! चिन्याजस्तो लाग्छ, घर काँ हो ?
घर छैन, चिन्या होला, म सुकुम्बासी, ह्याँलाई सन्चै हो ?

काँको सुकुम्बासी ? बुटवल कि खोला किनारको ?
सुकुम्बासीको घर हुँदैन, तिमी के भाको ?

त्यस्तैलाई जग्गा दिन भनेर सरकार भाषण गर्छ
जग्गा लेकाले त फिर्ता गरे, हाम्लाई भाषण मात्र गर्छ ।

जग्गा दिँदैन, दे पनि हामी लिँदैन, उसैलाई पुग्या छैन
हामी यमिरामको पार्टी, हाम्लाई आस पनि छैन ।

ए हो त, सुकुम्बासीको पार्टी भएपछि उसैले देला
हाम्रो प्रधानमन्त्री भा बेलाको ललिता निवास काँ होला ?

हाम्ले आस गरेर हुँदैन, दिनेले दिँदैन, हामी पनि लिँदैन
भने पछि कामरेड खानदानी सुकुम्बासी त होइन ?

सुकुम्बासी भन्या खान्दानी हुन्छन्, त्यत्ति नि था छैन ?
गिट्टी-बालुवा गर्छौं, दुई छाक खान्छौँ, दायाँ-बायाँ छैन ।

हामी कति खान्दानी, त्यो सरकार केको खान्दानी ?
दिन्छु मात्र भन्ने नदिने सरकार त बेमानी ।

●

# मेरो उपत्यका

मेरो उपत्यका प्रदूषणले ढाकेको छ, स्वच्छ हावा छैन
पहिले-पहिले दिनमा सय ग्राम धूलो खानुपर्थ्यो, अहिले था छैन ।

राजा ल्याउने र गणतन्त्र जोगाउने पक्षबीच भिडन्त छ
घर बलेका छन्, मान्छे ढलेका छन्, वातावरण त्यसै बिग्रेको छ ।

आ-आफ्नो पक्षको भाषण इँटा र अश्रुग्याससबाट गर्छन्
अश्रुग्यास पनि म्याद नाघेको हुँदो रछ, त्यसैलाई पठाएछन् ।

त्यसपछि त मेरो भागमा ५० ग्राम धूवाँधूलो अरू थपिएछ
अहिले बाँच्नका लागि सास फेर्दा
१५० ग्राम त धूलो नै खानुपर्दो रहेछ ।

यो पनि भाग्यले पाको, अन्न किन्न नसक्ने भाको
सरकारले दिएपछि धूलो पनि दालभातझैँ खाको ।

यो उपत्यकामा यस्तै छ जनतालाई समृद्ध बनाउने चलन
कहिले दूध पोख्छन्, कहिले गोलभेडा त कहिले अश्रुग्यास पोख्छन्

ठिकै छ, समृद्ध बन्न गोली, अश्रुग्यास र धूलो पचाउनुपर्ने
यो सरकारले पनि खुब हँसाउँछ के-के गर्ने-गर्ने ।

अश्रुग्यास पनि अब भुइँबाट होइन आकाशबाट आउन थालेछ
वर्षातमा त अश्रुग्यास मात्र वर्षने हो कि, पीर लाग्न थाल्या छ ।

पीर नमान, आश्रुग्यास आउने बाटोबाट गोली पनि आउन सक्छ
त्यो आयो भने त धूलो खानुपर्दैन, त्यसै आनन्द आउनेछ ।

हे जुझारू आन्दोलनकारी हो ! बोलीको खर्च गर्नेलाई
गोलीले स्वागत नगर,
लोकतन्त्रको बेइज्जत हुन्छ, पिर्छ आफैँलाई ।

आन्दोलनमा घर जल्छ, दमकल आउँदैन
बाटो हिँडेका मान्छे ढल्छ, एम्बुलेन्स छैन ।

धेरै आन्दोलन गर्नेहरूले यसलाई भन्छन् मसला
मसला भए हातमै बाँडे हुन्थ्यो, किन गाको अर्काको घर तला ?

अब यस्तो घर जल्ने, मान्छे ढल्ने आन्दोलन नगर
आन्दोलन शान्तिपूर्ण पनि हुन्छ, गर्नैपरे त्यही गर ।

●

# हाम्रा नेता र जनजाति

एकजना राष्ट्रपति अरू मन्त्रीहरू जति बनाए पनि हुने
कस्तो संविधान बनाको रछ, कुरै गर्न नहुने ।

नेताहरूले चुनाव हारे पनि राष्ट्रिय सभामा जान मिल्ने
जनजाति र तल्लो वर्गको त नाम मात्र लिने ।

हेर लाज नभाका मखुण्डेहरू, श्रीमतीलाई माथिल्लो सदन
नेता भाका श्रीमान्हरूलाई तल्लो सदन ।

मिलाउन जान्नेले यसरी मिलाएर खाका छन्
निमुखाहरूले लोकतन्त्र भन्दै गाउँमै दुःख पाका छन् ।

यो गणतन्त्रको संविधानमा पनि यिनै मात्र रमाका छन्
सबैतिर सोरेजस्तै त्यो संसदमा पनि सोर्न भ्याका छन् ।

अरूले कुरा उठायो भने ती जनजातिले पनि पत्याउँदैनन्
उनैका शोषकहरूले जे-जे भन्छन्, त्यही मान्छन् ।

संविधानमा भएको प्रावधान, त्यो त हाम्रा लागि हो
जति खाए पनि हामीभन्दा भोकमरी किन भाको हो ?

यस्ता कुरा ती नेताहरूलाई भन्न किन नसकेको ?
उनीहरूले जे गरे पनि सधैँ चुपचाप किन बसेको ?

खोइ त्यो संविधान नै उस्तै हो कि मिलाएर खाका छन् ।
अरूलाई दिन त मरिजाने कस्ता अत्याचारी भाका छन् ।

●

# उता भैँसी रिसा छ

तीर्थाटन गर्न गाको नेपालीलाई त्यहाँको भैँसीले गाली गरेछ
नेपाली बहादुर हुन्छन्, एकजनाले किन रिसाको भनेर साधेछ
म:म: र छोइला बनाउन हाम्रा मुर्रा लगेको
त्यसै भएर तिमीहरूलाई गाली गरेको ।

हाम्ले काँ लानु, हाम्ले लग्या होइन
बाह्र वर्षसम्म यतै बसेकाले लगेको उसैलाई भन ।
तिम्रा मुर्रा हाम्लाई केही काम छैन, नपत्याए हेरे हुन्छ
बरू हाम्रै बर्दिया र तारातालबाट गैँडा र हात्ती पठाको छ ।

खानु न पिउनु हाम्लाई त्यसै दोष दिने ?
जसले लग्या हो, जे गर्नुपर्छ, उसैलाई गर्ने ।
तिम्रा ठूलाबडाले दिएछन् अनि पो लगेछन् ।
हाम्रो लगेको नदेख्ने, दिएको मात्र देख्ने कस्ता आँखा रहेछन् ।

अरू कुरा था छैन तिमीहरू पुगेसि हाम्रा मुर्रा फर्काऊ
होइन भने हाम्लाई रिस उठ्छ, तिमीहरू यता नआऊ ।
भैँसीको यत्रो फूर्ति अहिलेसम्म देख्या थेन
यो भैँसीले के गर्न खोज्या हो, हाम्लाई था भेन ।

हुन्छ हुन्छ, मुर्रा लग्नेलाई भनौँला, चिया खान उतै जाऊँ
म:म: छोइला बनाए भन्छन् तिम्ले ल्याका मुर्रा पनि लेर जाऊ ।
अब दिए भने भैँसी ल्याउनु, मुर्रा नल्याउनू
उता मुसो बन्ने, यता बाघ बनेर नआउनू ।

●

# बत्ती र कमिसन

सरकारको बत्ती नीतिलाई पनि के-के भन्छन्-भन्छन्
उज्यालो दिनेलाई निकालेर अँध्यारो दिनेलाई भित्र्याउँछन् ।

समृद्धिका जनता उज्यालोमा त बस्नै नहुने
तिम्रा सालाको बत्ती निभिरन्छ, कसलाई भन्ने ?

उता प्रधानमन्त्री धेरै पढेर डाक्टरी गरेका
यता जनता आठ पास गरेर गोठाला भएका ।

काँको उज्यालो काँको अँध्यारो, कुरै नमिल्ने
उज्यालोमा बस्ने भए इन्भर्टर किन्ने ।

हजुर ह्याँको सालोले गर्ने त्यत्ति हो
निमुखा जनतालाई चाहिएको बत्ती हो ।

इन्भर्टरले पनि उज्यालो हुन्छ, बत्तीकै काम दिन्छ
ती उद्योगीले नदेको बत्तीको पैसा इन्भर्टरमा तिर्दै हुन्छ ।

कति आफैँ मात्र लुट्ने र लुटाउने हो ?
तिनीहरूले दिने पैसा हाम्लाई नि बाँडे त हुने हो ।

सरकारमा आएदेखि बाँडेको बाँड्यै छन्
हाम्ले पो नपाको त, पाउनेले पाइराख्या छन् ।

बाँड्ने काममा फुर्सदै छैन, बाँड्या छन् छन्
सबै निखिँदा पनि कति बाँड्नु, बाँड्दैमा हैरान छन् ।

बाँड्ने कुरा सक्किएर त यो बत्तीमा हात हाल्या
जति बत्ती निभे पनि खोइ इन्भर्टर बाल्या ?

यति लेख्दा दशपटक बत्तीले आँखा झिम्काको
तिमी र तिम्रा सालालाई भन त कति मज्जा आको ?

उज्यालोमा कतै पनि कमिसन नआउने
कमिसन आउने जति अँध्यारोमै आउने ।

त्यसै भएर अहिले बत्ती निभिरन्छ
जति बत्ती निम्छ, त्यति कमिसनखोरलाई आनन्द आउँछ ।

●

# पूर्व विशिष्टको भत्ता

हेर न हाम्रा पूर्व विशिष्टज्यूहरू ज्यादै गरिब छन्
आफ्नै घरमा बसेका छन्, सरकारसँग घरभाडा लिन्छन् ।

उनीहरूलाई भत्ता पुगेन भनेर बढाउन खोज्छन्
कति भए पुग्छ, त्यो पनि भन्दैनन्, बढाउन मात्र खोज्छन् ।

कस्तालाई पूर्व विशिष्ट भन्छन्, त्यो पनि थाहा भएन
विशिष्ट हुन के काम गरे, विशिष्ट हुने परिभाषा आएन ।

कतै युद्धमा परेर हातखुट्टा नचल्ने भाका विशिष्ट हुन् ?
कि खान नजानेर धेरै खाएर विशिष्ट भाका हुन् ?

खानसम्म त वर्तमान विशिष्ट हुँदा नै खाए होलान्
जति खाए नि नअघाउने कस्ता दरिद्र भाका होलान् ।

होइन यिनलाई भत्ता कल्ले खान दियो ? भत्तैका कुरा गर्छन्
यी पूर्वविशिष्ट झन् सारै व्यभिचारी रहेछन्, भत्तै भन्छन् ।

दरिद्रमा नि अति दरिद्र रहेछन्, बिचरा खानै पाउँदैनन
देशमा सुकुम्बासी जति छन्, ती विशिष्टजस्ता दरिद्र छैनन्

लौ खाओ, नीतिगतमा अडेस लागेर खानसक्दो खाओ
दिनेले नि फुपूको श्राद्ध गरेजस्तै गरेर देओ ।

खाओ खाओ फुपूको श्राद्ध खाओ, भत्ता पनि बढाओ
खानै जन्मेका रहेछौ, गरिबका अगाडि लाज नमानी खाओ ।

ड्राइभरको तनखा नि खाओ, तेल नि खाओ, गाडी चलाओ
बाँकी केही नछोड, त्यो निजी सचिवको तलब नि खाओ ।

यो देशमा भोकमरी लागेका कोही थेनन्, कहाँबाट देखापरे ?
मुखले मात्र होइन, नाकले नि खान थाले, के गरे गरे ।

जेले खाए नि पेटभरि खाओ, तिमीहरूलाई गरिबले पाल्छन्
गरिब बरू खाँदैनन्, मागेर ल्याएर भे नि तिमीलाई नै दिन्छन् ।

भत्ता मात्र किन, औषधोपचारको रकम नि खाओ
त्यो त माग्नै बिर्स्या जस्तो छ, हो भने मागेर खाओ ।

होनहार यो देशका नेता कस्ता ? सबै खानै मात्र खोज्ने
नदेख्ने गरेर नि यिनै खाने, देख्ने गरेर यिनै खान खोज्ने ।

खानसम्म खाएर देश बनाउन आका
खाओ सबै खाओ, खाएर नि कति चोखा भाका ।

●

# झोले कस्ता हुन्छन् ?

झोले झोले भन्छन् खासमा झोले कस्ता हुन्छन् ?
हेर्दा भाइभतिजाजस्तै देखिन्छन्, झोले र मण्डले उस्तै हुन्छन् ।

उबेलाका मण्डले अहिलेका झोले
नाम मात्र फरक, काम एउटै हो
चियापसलमा वकालत गरेर बस्छन्, यो उनीहरूको काम हो ।

झोलेलाई राम्रोसँग चिन्ने भए चियापसलमा जानुपर्छ
उनीहरूको भाषण र वकालत त्यहीँ बसेर सुन्नुपर्छ ।

अनि उनीहरूलाई यो कति नम्बरको झोले हो भनेर जानिन्छ
त्यस्ता झोलेहरूको नम्बर त्यहीँ तानिन्छ ।

आफूले त उनीहरूको भाषण सुन्ने हो
उनीहरूलाई नम्बर दिने हो
प्रधानमन्त्रीलाई भर्खर भेटेको भन्ने झोले एक नम्बरको हो ।

हिजोअस्तिको कुरा गर्ने चाहिँ दुई नम्बरमा पर्छ
त्यसले पनि पृथ्वी नै उचालेको जस्तो गफ गर्छ ।

नेपालको राजनीति आफ्नै हातमा छ भन्नेलाई बेनम्बर भन्नु
गम्दारी भएर जान्नेसुन्ने पल्टने चाहिँ खोक्रे झोले जान्नु ।

काम एउटै भए नि झोले थरिथरिका हुन्छन्
मैले भन्या सरकारले मान्छ भन्छन् ।

सरकार पनि तिनै झोलेलाई सोध्छ 'म भ्रष्टाचार गरूँला त ?'
अहँ भनेर ताली ठोक्छन्, यतिमै सरकार चोखो भयो त ?

झोले भनेका यस्ता हुन्छन्, चिलाउने र कन्याउने मिल्छन्
केही टुक्राटाक्री पाउँछन्, दूधको साक्षी बिरालो बन्छन् ।

यो उनीहरूको दैनिकी हो, यति नगरे झोले बनिँदैन
झोले नबने यो देशमा कतै गनिँदैन ।

चियापसलमा भाषण गर्नेलाई अर्गानिक झोले भन्छन्
अर्का पढेलेखेका घमन्ड गर्ने हुन्छन्
तिनलाई प्रदूषित झोले भन्छन् ।

यिनले देशविदेशका कुरा गर्छन्, आफूलाई उच्च ठान्छन्
सरकारलाई भेट्छन् अनि भुटानी शरणार्थी खोज्न जान्छन् ।

चियापसलमा हुने र यी मार्काका झोलेको भाषा एउटै हुन्छ
कति झार्न सकिन्छ, झार्दा र झर्दा झोली थापिन्छ ।

●

# हामी भाते बन्दैनौँ

बागमती र विष्णुमतीले यो सरकारलाई भोट देनछन्
हाम्ले भोट देकै छैन, सरकार कसरी बन्यो भन्दै छक्क परेछन् ।
सबैले त्यसै भन्छन् सरकार बनाउने भोट हाम्ले दिनैपर्दैन
त्यो काम हाम्रो होइन
भोट बाहिरियाले दिन्छन्, हाम्ले दुःख गर्नुपर्दैन ।

भोट दिन्छन्, सरकार बनाउँछन्, पछि बधाई पनि दिन्छन्
नोट पनि दिन्छन्, भाते बनाएर पाल्छन्, बाँधासरह मान्दिन्छन् ।
त्यति भए पुगिहाल्यो, यिनीहरू त्यसै ठूला पल्टने भए
नेपालमा धाक लगाउँछन्, उता त गोठालैसरह भए ।

के गर्नु, इज्जत त हाम्रो जाने भयो, हाम्रै हुर्मत लेका छन्
यता ठूला कुरा गर्छन्, उतैको पाले बन्न तयार छन् ।
हामी नेपाली बनिरहने, सरकारको रबैया त्यस्तो हुने
नेपाली भू-भागलाई चोक्टा-चोक्टा बनाएर बेच्दै खाने ।

हामी पनि यस्ताको सङ्गत गर्छौं, तिनैलाई ठूलो मान्छौँ
उनीहरूले हाम्रो टुपीसम्म बेचेर खाइसके, खोज्न काँ जान्छौँ ?
हेर्दै जाऊ, यिनलाई नेपाल आमाको सराप लाग्नेछ
खान पाएँ भनेर हुँदैन हिसाब यिनको भागभागमा आउँदैछ ।

त्यति बेला नि नेपाल छाडेर पलायन उतै हुने हुन्
जता भागे नि गुठुरी बनाइसक्या छन्, बस्छन्, खान्छन् ।
जे हुनु नेपालीलाई हुने भो तर हामी भाते बन्दैनौँ हेर
अति राम्रो देश पनि हेर्दाहेर्दै बीस-तीस वर्ष गयो पर ।

●

# अक्षरको बहादुरी

पञ्चायतकालमा पार्टी भन्न लेख्न नपाइने
पार्टी भन्नुपर्‍यो भने पुरानो पार्टी भन्ने ।

त्यति बेलाको पञ्चायतलाई पार्टीको कत्रो डर थ्यो
पुरानो र प्रतिवन्धित
यी दुई शब्दले पञ्चायतको डर हटाउँथ्यो ।

पार्टीको अगाडि पु. र प्र. राखे पार्टी पनि लेख्न पाइने
यी दुई अक्षर हो पञ्चायतको सातो बोलाउने ।

अहिले राजा भन्न नपाइने, पूर्वराजा भन्नुपर्ने
जमानाले पल्टा खाको यही हो देख्ने र हेर्ने ।

अहिले 'राजा' भन्यो भने पार्टीको सातो जाने
'राजा' का अगाडि 'पूर्व' थप्यो भने पार्टीको सातो आउने ।

यो पु. र प्र. भन्ने अक्षर पार्टी र राजाभन्दा नि ठूला रहेछन्
यसलाई समयमै बुझ्नुपर्ने हो, कसैले बुझ्नेनछन् ।

वर्णमालाका यी दुई अक्षर हेर कति ठूला भएका
मै हुँ भन्नेहरूको पनि सातो बोलाका ।

हे राजा र पार्टीवाला हो, यी दुई अक्षर फेरि पढ र जान
आत्मसन्तोषका लागि आउने-जाने गरिरहन्छन्, यो मान ।

मान नपुगेपछि यी अक्षर मान खोज्दै आइरहन्छन्
बेलाबेलामा तिमीहरूलाई तर्साइरहन्छन् ।

के बिगार्‍यौ र तिमीहरूले तर्सनुपर्ने काम के गर्‍यौ ?
डराउनुपर्ने थेन दुवैले धेरै बिगार्‍यौ अनि पो डरायौ ।

तेत्रा शक्तिमा बसेका यिनीहरू हेर दुई अक्षरसँग डराका
अझै पनि अक्षरको बहादुरीलाई कस्तो नबुझेका ।

●

# खराब को हो ?

हाम्रा लठैत र ज्यानमाराहरूले हाम्लाई मान भने
कति सोझा जनता ? कस्ता आज्ञाकारी ? हुन्छ भने माने ।
गणतन्त्रलाई पनि मान्नुपर्छ भने, त्यो पनि 'मानिदिए'
तिनीहरूले गणतन्त्रलाई आफ्नै खाने भाँडो बनाइदिए ।

संविधानलाई पनि 'मान' भने त्यो पनि माने
मानेनन् आफ्नो बुद्धिलाई दलालका कुरा सबै माने ।
आफैँलाई नमान्ने अरूले भनेका किन मान्ने ?
यो संसार विचित्र छ भनेको यही हो त्यसलाई कसैले नजान्ने ।

संसारमा मानिदिनेहरू ठूला कोही भएनन्
मनाउनेहरू ठूला भए तिनलाई कसैले जानेनन् ।
अहिलेको विश्व 'मान्ने र मनाउने' हरूको बीचमा छ
त्यसै भएर त्यहाँ हाइटी र कङ्गो धेरै बन्दैछ ।

'मान्ने' कुरामा मान्नुपर्छ अपराधी ठूला भए यस्तै हुन्छ
यो दोषजति सबै मानिदिनेलाई जान्छ, बरू नमाने वेश हुन्छ ।
मान्ने शब्दको चमत्कारले राज्य गरेका छन्
खुबी केही छैन, उही ज्यान मारेको कुरा गर्छन् ।

मानिदिने वाक्कदिक्क भैसके, ती अघाका छैनन्
साँढे पल्टेर अब त जता नि डुक्रन छाडेनन् ।
मानिदिने खराब कि मनाउने खराब ?
यति पनि छुट्याउन सकिएन, को खराब ?

●

# वैद्यको उपचार

उति बेला हाम्रा नेता गरिब थिए, बिरामी परेछन्
डाक्टरी औषधि महँगो भएर वैद्यकोमा गएछन् ।
वैद्यले पनि मोतीभष्म भनेर गोबरभष्म खान देछ
त्यसैले व्यथा ठीक भएछ, समस्या दिमागमा गएछ ।

रहँदै बस्दै गर्दा अहिले उनीहरू ठूलाबडा भए
उनीहरू जे गर्छन् उल्टो मात्र गर्छन्, के भए के भए ।
वैद्य खराब कि बिरामी खराब, निश्चित गर्नै सकिएन
लौ न को खराब ? भनिदिनुपर्‍यो, हाम्ले जान्नै सकिएन ।

उपचार गर्ने वैद्यलाई के खराब भन्नु ?
उपचार गर्न गएका बिरामीलाई खराब कसरी भन्नु ?
वैद्य भनेको वैद्य नै हो, त्यो त भविष्य नि जान्दो रहेछ
नत्र मोतीभष्म भनेर गोबरभष्म किन दिन्थ्यो ?
त्यसैले खराब गरेछ ।

ठिकै हो, अहिले पैसा कमाए उपचार गर्न बाहिर जान्छन्
दिमागको उपचार भन्छन् कान र आँखा देखाएर आउँछन् ।

राम्रो भाका छैनन्, कानले देख्छन् आँखाले सुन्छन्
त्यसै भएर उनीहरूका सबै काम उल्टा हुन्छन् ।
वैद्यका नयाँ उपचारले नेता तङ्ग्रेका
बेलाबेलामा उनीहरू कति बिग्रेका ।

●

# दाममहिमा

मानले नगर्ने काम दामले गर्छ भन्छन्
के हो त्यस्तो दामको जादु त्यसैलाई मात्र मान्छन् ?

मान दिने राजालाई दाम राखेर ढोग दिन्थे
कस्ता-कस्ता गोप्य कुरा यही दामले बताइदिन्थे ।

दामको केही काम छैन भन्थे पहिलेका साधु बाबा
खरबपति बनेका छन् अहिलेका साधु बाबा ।

बाबाहरूलाई पनि भगवान् भन्दा प्यारो दाम भएछ
दामले पनि कुरा बुझेछ, बिस्तार-बिस्तार उतै गएछ ।

दामले ज्यान मार्छ र बचाउँछ पनि हेर
यसको गुन र बैगुन राम्ररी बुझ्ने गर ।

यसले चन्द्रलोकसम्म लान्छ लाँदैन स्वर्गलोक
तैपनि यसलाई ठूलो मानेका छन् के भाको हाम्रो लोक ?

सत्ययुगदेखि कलियुगसम्म कामै सबै दामैदामको
यसले पनि राखेको रहेछ पूर्वकमाइ अचम्मको ।

दामका बाजेले कामका बाजेलाई तह लगाउँछन्
कामका बाजेले गर्न नसक्या काम दामैले गराउँछन् ।

दामको बाजे र कामको बाजे
कुरा मिलाउन बाटामा भेटेछन्
तिनका पनि बाजेले देखेछन्, दुवैलाई पक्रेर लगेछन् ।

दामको बाजेले कामको बाजेलाई बल्छीको काम पनि गर्छ
भलाद्मी कामको बाजेलाई बल्छीले जेलसम्मै पुऱ्याउँछ ।

तैपनि कामको बाजेलाई दामै प्यारो छ
दाम होइन, अब त दामको बाजे प्यारो भा छ ।

दाम एकै ठाममा बस्दैन, छुकछुके छ, सरिरहन्छ
आज मसँग बस्या छ, भोलि अन्तै पुगिसक्छ ।

●

# घमण्ड नगर

हे नेता हो ! राजासँग नडराओ, डराउनुपरे आफैँसँग डराउने गर
बङ्गालमा राजा थेनन्
बालबाल बाँचेर खालिदा किन भागिन्, हेर ।

पाकिस्तानमा पनि राजा छैनन्,
त्यहाँका राष्ट्रपतिहरूले किन फाँसी चढ्नुपर्‍यो ?
आफू सुरक्षित हुने हो भने देश र जनताको काम गर्नुपर्‍यो ।

तस्कर र दलालहरूको मात्र काम गरेमा सबैसँग डराउनुपर्छ
नीतिगतको बखान गर्दै भ्रष्टाचार गरेमा
राजाभन्दा जनतासँग डराउनुपर्छ ।

'नीतिगत' पदको दुरुपयोग गर्ने भाँडो हो
त्यही भाँडोमा अडेस लागेका छन् जति भने नि लागेन हो ।

अहिले तर्सेका छौ राजासँग मात्र, एक्लो राजाले केही गर्ने होइन
तर्सनुपरे राजा भन्दै आएको भीडसँग तर्स, अरूसँग होइन ।

हे जनता हो ! आफ्नै सरकार भन्दैथे चीनमा
'तियानमेन' चोकभरि पीच पेलेजस्तै मान्छे पेले क्षणमा ।

ल हेर, कोही कसैको हुँदैन, धाक लगाउने मात्र हो
नियम-कानून नछाड, हाम्रो र आफ्नो भन्ने त्यही मात्र हो ।

सरकार र मतियारहरूले मान्नुपर्ने संविधान मानेनन्
त्यसैले तर्सन्छन् र डराउँछन्, बेलाबेलामा बर्बराउँछन् ।

आफूभित्रको कुण्ठा बेग्लै छ, अरूलाई तर्साउँछन्, धम्की दिन्छन्
गोली हान्छन्, मान्छे मार्छन्, त्यो अपराध कहाँ गएर तिर्छन् ?

यस्तो कर्मको फल स्वीकार्नुपर्छ, तयार भएर बस
शक्ति भएका मान्छे नमरेका काँ छन् र, यही जानेर बस ।

जन्मँदा नै शक्तिसहित जन्मेको को छ र ?
यो कृत्रिम शक्ति आज छ भोलि छैन, घमण्ड नगर ।

●

# जतातत‍ै विषादी

मेरो गाउँ कति स्वच्छ छ, हावापानीले त्यसै भन्छ
उत्पादित अन्न प्रदूषित छ, विषादी हालेको हुन्छ ।

पहिले त्यस्तो थेन, चलनचल्ती नै बदलियो झन्
विषादीले छोपेर आफ्नो वस्तु दिन्छन्
बजारबाट त्यस्तै किनेर ल्याउँछन् ।

एउटा विषादी दिएर अर्को विषादी साटेर ल्याउने
अरूलाई पनि विषादी खान दिने, आफू पनि त्यही खाने ।

अहिले विषादी यसरी साटासाट हुन थाल्या छन्
कोही बजारबाट लैजान्छन्, केही घरबाट बजार लाने छन् ।

फरक लाने र ल्याउने मात्र हो, विषादी एउटै हो
कसैले भन्छ कति राम्रो, आहा ! यो लगेर खाने हो ।

बजारका विषादी आहा कति राम्रो भन्दै खाँदै
त्यही पापी अस्पतालमा जान्छन् सन्चो भएन भन्दै ।

यहाँ कमिसनका लागि विषादी झिकाउँछन्
त्यही खान दिएर जनतालाई मार्छन् ।

कमिसन खानेले पनि विषादी त खाएकै हुन्छ
कमिसन पाएपछि उसलाई विषादीको स्वाद नै मीठो हुन्छ ।

कमिसनखोरलाई उपचार गर्न
कमिसनकै पैसा जम्मा भा छ
कमिसनको पैसा अस्पतालमा दिन्छ, मर्न त त्यो नि मर्छ ।

हाम्रो सरकार कति बाठो छ
जनता मार्न अरूको व्यापार बढाउँछ
जनता पनि महादेव भैसके, विष खाको छ, पचाको छ ।

यस्तो तालमाल देख्दा कहिलेकाहीँ त हाँस उठेर आउँछ
सरकार विष ख्वाउँछ, जनता सजिलै पचाउँछ ।

ए बा, बरू दालभात मात्र खाओ, बजारको सबै विषादी छ
जति भने नि लागेन
बिहान विषादी किन्न झोला बोकेर दौडन्छ ।

बजारमा मैले खाने सबै वस्तु यस्तै-यस्तै छ
जता फर्के नि विषैविष, यस्तो खाएर कति बाँचिन्छ ?

अन्न मात्र फल्ने खेतबारीमा विष फल्न थाल्यो
खेतले नि विष कति खानु, विषै फिर्ता गर्न थाल्यो ।

●

# हाम्रो उड्नेको कमाइ

२१ औँ शताब्दी भनेको विश्व सम्पन्नताको शताब्दी हो
अन्त त्यही हो नेपालमा त समृद्धिको शताब्दी भन्ने हो ।

मान्छेमा सबै कुराको सम्पन्नता भएर पनि नपुग्ने रहेछ
खानपिनको सुविधाले मात्र हुँदैन
गुड्ने र उड्ने नि चाहिँदो रहेछ ।

टाढालाई नजिक नजिकलाई टाढा बनाउने नै त्यही रहेछ
त्यसको महत्त्व कतिकति मान्नुपर्दा
विश्वको एक चौथाइजति रहेछ ।

त्यसै भएर हाम्ले गुड्ने होइन उड्नेको म्युजियम बनाको
त्यो पोखराको उड्ने ठाउँ बनाउँदा पनि १४ अर्ब खाको ।

भैरहवाको उड्ने ठाउँ बनाउँदा तीसै अर्ब पुग्छ कि भन्ने छ
खोजबिन गर्दैछन्, त्यसको पनि सत्यतथ्य बाहिर आउँदैछ ।

गुड्नेमा अर्बको कुरा हुँदैन, त्यसै भएर उड्नेलाई समाको
यो अर्बौं अर्बको खेती गर्दा भ्वाङ परेर कसरी चुहिएको ?

चाइनिज भाषामा 'नाफूसिङ्' भनेको ठीक छैन भन्या हो
हाम्रा यत्रायत्रा उड्ने ल्याउनेहरूको
बुद्धि पनि 'नाफूसिङ्' नै हो ।

अहिलेको विश्वमा नेपालले राम्रै नाम कमाको छ
ह्याँका जनता नुन खाका कुखुराजस्ता
भनेर गुगलले भन्या छ ।

जनता त्यस्तै भएर त ह्याँ अर्बौं अर्बको खेती सप्रेको छ
नत्र यी खेताला ह्याँबाट भागिसक्थे
अहिले उनैको रजगज छ ।

नेपालीले यस्ता यातायातको सुविधा पनि मनग्य पाको हो
भाग्य त भाकै हो के गर्नु र
उड्नुभन्दा पनि हेर्नुमै आनन्द हुने भो ।

त्यसलाई डोऱ्याएर ल्याउनेलाई झन् कति आनन्द भा होला
आनन्दको फल मिल्नेछ,
त्यो दिन पनि नजिक आउँदै होला ।

●

# बण्डापत्र

प्रजातन्त्र र गणतन्त्र आएपछि टाउके नेताले पनि भाग पाए
राष्ट्रपतिलाई चुरे, गणेशमानलाई बाटिका
मनमोहनले त अस्पतालै पाए ।

बी. पी. लाई गरिबसँग लगेर राखिदिए
भट्टराईलाई त त्यो पनि छैन
सबैलाई भाग लगाउँदै आए, अहिलेका लागि पनि केही छैन ।

झट्पट गफाडीले भाटभटेनी लिए, उनलाई गरिब हुनुपर्दैन
कोहीको त दिमागमै सर्प झुन्डिएको छ
उनलाई केही दिनैपर्दैन ।

यमिरामलाई नगद चाहियो भने उतै हुइँकिन्छन्
सरकारी जग्गा त उनको भागमा छैन, त्यसै चित्त बुझाका छन् ।

अर्का माष्टर कुइनेको त गफै ठूला, उनले चाहे जे नि पाउँछन्
१७ हजारवाला चण्डमुण्ड केही चाहिँदैन भन्दै पुँजीपति भएछन् ।

अब वर्गसङ्घर्ष गर्ने कि नगर्ने ? उनलाई सोध्नुपर्‍या छ
वर्गसङ्घर्ष चाहिएन भन्छन्
उनको भागमा त अझ दरबारै पर्‍या छ ।

अरू चानचुनेहरूले पनि आफ्नो भाग लेका होलान्
भाग पनि चानचुने नै होला, त्यसै भएर बाहिर आएनन् ।

अब दिन बाँकी कसैलाई पनि छैन पाउनेजतिले पाए
गरिबलाई बी. पी. ले उचाले, राष्ट्रपतिले चुरे बनाए ।

बिरामी परेर आउनेलाई मनमोहनले हेर्ने भए
गणेशमानले घुमाइदिन्छन् उनकै बाटिकामा गए ।

बण्डापत्र भनेको बराबर हुनुपर्छ सबैलाई बराबर छ ?
ती भट्टराईलाई केही देनन्, उनको सुराही र ट्याङ्का काँ छ ?

●

# आतङ्कै-आतङ्क

राज्यमा अहिले बाँदर आतङ्क छ, पहाडतिर जानै हुँदैन
खेतबारीमा लगाको अन्न उसैले खान्छ, किसानले पाउँदैन ।
तीन भाग खेती बाँझो छ, एक भागमा लगाउँदा नि भएन
दिनरात बाँदर धपाउँदा नि हाम्रै राज्य जस्तो गर्छ, जाँदै गएन ।

स्थानीयहरूले बाँदर धपाउने अनेकौं उपाय गरेका छन्
उनीहरूको उपायले एक-दुई दिन काम गर्छ, फेरि त्यस्तै हुन्छन् ।
गणतन्त्रसँगै बाँदरहरू पनि धेरै आएछन्
नेपालका त होइनन् ती, विदेशीले पठाएछन् ।

काठमाडौँका बाँदर कति भलादमी हेर, पशुपतिमा देखिन्छ
दानामा घोटाला हुँदा नि कति भयलाग्दो देखिन्छ ।
काठमाडौमा बाँदर होइन ह्याँ त ढेडु आतङ्क छ
नपत्याए स्वयम्भूतिर जानु, कुट्न र लुट्न आउँछ ।

के चाहिन्छ ?भन्दै एउटा ढेडुले पहाडमा गएर बुझेछ
उहाँबाट आएर बाँदर आतङ्कको कुरा साथीभाइलाई भनेछ ।
ढेडुहरूको सम्मेलनमा पनि बाँदरहरूलाई के गर्ने भन्ने भएछ
छलफल ठूलो गरेछन्, अन्तमा तिनले नि खाउन् भन्ने भएछ ।

हुन्छ भन्ने आशा थियो। सम्मेलनले नि बाँदर नियन्त्रण भएन
ढेडुकै सन्तान हो, बाँदर नियन्त्रण गर्ने त कुरै गरेन ।
कतै बाँदर आतङ्क, कतै ढेडु आतङ्क, नेपालमा अहिले त्यस्तै छ
शान्तिक्षेत्र भनिएको ठाउँमा जताततै आतङ्क बढ्या छ ।

●

# दु:ख लेक र बेंसीको

लेकमा बस्नेहरू रातापिरा हुन्छन्, हावापानीले त्यस्तै बनाउँछ
बेसीमा बस्नेहरू ख्याउटे हुन्छन्, त्यहाँ औलोले सताउँछ ।

हाम्लाई त लेकमा अक्सिजन पुग्दैन, बरू बेंसी नै जाती
बेसीमा अन्न फलाउन सजिलो छ सिंचाईको सुविधा अति ।

हुम्लातिर यस्तो भन्दैनन्, बेसीतिर कोही जाँदैनन्
त्यही धाराफैयाबाट तीन किलोमिटर पनि तल झर्दैनन् ।

मङ्सिरतिर कर्णालीका तीरमा मार्सी धान झुलेका हुन्छन्
बेंसीकै मान्छेले बाली स्याहार्छन्, लेकका कोही जाँदैनन् ।

लेकका मान्छे औलोदेखि धेरै डराउने
बेंसीका मान्छे त्यस्ता हुँदैनन्, परिआए लेकमा पनि जाने ।

लमजुङ बेंसीसहर पूर्व खुदीमा एउटा गुरुङगाउँ छ
त्यहाँबाट बेंसी झर्न तीन घन्टा लाग्छ ।

धानखेती गर्न बेंसीमै झर्छन्, दिनभरमा दुई खेप मल बोक्छन्
यस्तो दु:ख खेपेर आफ्नो थलो सजाएर बसेका छन् ।

यो दु:ख विकटको भनी साध्य छैन
पहाडमा सबै यस्तै हुन्छ, सुख भन्ने छैन ।

पानी ल्याउन एक बिहान खट्नुपर्छ
बाटो छैन, भीरबाटै हिँड्नुपर्छ ।

लेकमा बस्नेहरू हत्तपत्त बिरामी पर्दैनन्
हावापानी राम्रो, अर्गानिक खाना, काम गर्न छाड्दैनन् ।

●

# समयको परिवर्तन

सैनिक मुख्यालयको सानो टुँडिखेलमा १२-१२ बजे तोप हान्थे
राजा वीरेन्द्र खेलकुदको उद्घाटन गर्न रङ्गशाला गा थे
१२ बजेको तोपले झसङ्ग भा थे ।

राजाले त्यसपछि तोप हान्न रोकिदिए
एउटा परम्पराको अन्त गरिदिए ।
गोला-बारुदबाट तर्सने राजा उनै थिए
आखिर गोला-बारुदबाटै वंश नाश गरिदिए ।

राणाको पालामा धरहराबाट बिगुल बजाउँथे
त्यो सुनेपछि उपत्यकाका सिपाहीहरू तीन घण्टाभित्र पुग्दथे ।
उतिखेर सञ्चार र यातायात दुवै थेन
ती दुवैको काम धरहराले गर्थ्यो, अरू उपाय थेन ।

बिगुल बजेको सुनेपछि उपत्यकाको कान ठाडो हुन्थ्यो
के हुन लाग्यो अब देशमा भनेर खैलाबैला नै चल्थ्यो ।
धरहराको उपयोग त्यसरी पनि गऱ्या थे
मान्छे सोझा थे, बुद्धि त्यसरी लगाउँथे ।

जब नेपालमा पनि यातायात र सञ्चार पस्यो
तब कुरा बिक्न थाल्यो, त्यही किन्यो, पढेर बस्यो ।
पहिले-पहिले कुरा नबिक्ने, एकले अर्कालाई कुरा गऱ्यो
हेर्नोस् त कति राम्रो उखान 'बुढो मऱ्यो कुरो सऱ्यो' ।

पुराना सबै रमाइला कुरा इतिहास भइगए
त्यस्ता इतिहास उतारिएका छैनन्, त्यसै बिलाएर गए ।

●

# राजनीतिको परिभाषा

नेता भनेका ठूला मान्छे, उनीहरू राजनीति गर्दैनन्, सिकाउँछन्
उनीहरूले सिकाएको राजनीति देखेर सबै दङ्ग पर्छन् ।

शिक्षक र कर्मचारीलाई तालिम दिएर सडकमा पठाउँछन्
उनीहरू पनि सडकमा गएर नाचगान गर्छन्, रमाइला छन् ।

सडकमै सुत्नु भन्ने निर्देशन हुन्छ, त्यसै गर्छन्
फिर्ता जानु, पढाउनु भन्छन्, गएर पढाउन थाल्छन् ।

अहिलेका विद्यार्थी नाचमा चाहिँ पारङ्गत हुने भए
सडकको नाच हेर्दा सबैले त्यही भन्ने भए ।

बिचरा प्रहरीलाई मात्र सास्ती, तानातान र हानाहान कति गर्ने ?
यस्तो कुटामारलाई राजनीति भनेर नेता दङ्ग पर्ने ।

शिक्षकहरूको एउटा राजनीति भर्खरै सकिएको छ
राजनीति नगद उनीहरूको माग सबै उधारोमा छ ।

यसपालि त शिक्षकले अचम्मै गरे, आफ्ना मन्त्री नै फेरे
जे होस्, अब राम्रोसँग पढाए हुन्थ्यो सडकमा जाने नगरे ।

नेताको राजनीति यस्तै छ, सिकाएको त्यही हो
यसैलाई होनहारको राजनीति भन्छन्, के हो के हो ?

हाम्रा नेता बाठा छन्, राजनीतिको पनि परिभाषा नै फेर्देछन्
आफूले जे जानेको त्यसैलाई राजनीति भन्दैछन् ।

त्यसै भएर ज्यानमाराहरू
राजनीतिका लागि ज्यान मारेको भन्छन्
राजनीतिले नै मान्छे मार्ने भएपछि के नीतिले बचाउँछन् ?

यस्तै छ हाम्रा नेताहरूको असली राजनीति
बुझेर बुझिँदैन, भनेर सकिँदैन कति-कति !

●

# मुक्तकहरू

## दोष

खान त खायौ, ह्याँसम्म आउने गरी खायौ
ढाकछोप गर्न लागेको मलाई पो दोष लगायौ ?

तिमीले नि खायौ, अरूलाई नि ख्वायौ
हैन भन्ने मै थिएँ, मलाई पो दोष लगायौ ।

काँदेखि काँसम्म खायौ ? हेर लौ जात्रा देखायौ
खाको छैन भन्ने म थिएँ, मलाई नै दोषी बनायौ ।

●

## कमाको र रमाको

हेर ह्याँ तराजु तलमाथि भाको
कमाउनेले आँखा चिम्लेर कमाको ।

हेर लौ कमाउने कति रमाको ?
कमायो रमायो भन्नेलाई समाको ।

अहिलेको काम कमाउने र समाउने मात्र हो
रमाउने चोखा छन्, के भाको हो ?

●

## मात्तेको

हात्ती मात्तिने ठाउँमा भट्टी मात्तेको छ
त्यही भट्टी जङ्गलमा छ, हात्ती बजारमा छ ।

पाइला चालेर नहिँड्ने भँगेराजस्तै उफ्रने
भट्टी मात्तेपछि यस्तै हो, योभन्दा के हुने ?

अग्लोदेखि होचोसम्मको भट्टीमारा बोली
हात्ती अचम्म मान्छ के भाको आजभोलि ?

●

## एकपटक मात्र मर

गर्नु त थियो विचारै गरेनौ
मर्नु त थियो, धेरैपटक मऱ्यौ, जानेनौ

एकपटक मर्नाको बेग्लै मजा
पटक-पटक मर्नु भनेको नमजा ।

हान्ने साँढेजस्तो हाइँफुँइ त छ
भएर के गर्नु, जिउँदै गनाको छ ।

●

## मति खोइ ?

तिम्रो राम्रो होस् भनेर हामी कति भन्छौँ
हाम्ले भनेको मान्दैनौ, मति काँ पठाउँछौ ?

जे हुनु भैरहेछ, जाने पनि गैरहेछ
सोचविचारै छैन किन यस्तो भैरहेछ ?

भलो गर्ने हलोको तालु छेडिन्छ
राम्रो होस् भन्नेलाई नराम्रो गरिन्छ ।

●

## हाँस्नु र रुनु

जिन्दगी हाँस्ने र रुनेको बीचमा रहेछ
हाँस्ने त हाँसेकै छन् रुने किन रुन्छ ?

हाँस्नेभन्दा नि रुनेकै अर्थ बुझ्नुपर्‍यो
हाँस्नुको अर्थ नबुझेर रुन्छ, रुनेले त्यो बुझ्नुपर्‍यो

हाँस्ने र रुने सँगै बस्दै बस्दैन
हाँस्ने पनि रुन्छ हाँस्नुको अर्थ त्यस्ले नि बुझेन ।

●

# माथि र तल

माथिमाथि, आकाशैमाथि जाने
त्यहाँबाट तल झर्नुपर्छ भनेर नजान्ने ।

माथि र तलको विभेद नबुझ्ने
माथि जाने ठाउँ पनि सकिन्छ अनि काँ जाने ?

यस्तै छ अहिले, माथि जान मात्र खोज्छन्
सबै माथि गएपछि तल को बस्छन् ?

●

# उज्यालो

उज्यालो बाहिर होइन, भित्र बस्नुपर्छ
अनि पो संसारै उज्यालो देखिन्छ ।

आखिर मनै हो, त्यहाँ संसारै अटाउँछ
कालो-मैलो त्यहीँ बस्छ, उज्यालो बाहिर आउँछ

उज्यालो भित्र बसेर कालो बाहिर आउनुपर्ने
यस्तो राम्रो काम त त्यहाँ पनि गर्दै नगर्ने ।

●

# चिसो आगो

मुर्दालाई आगो चिसो हुन्छ
आफू नसकिउन्जेल तापिरहन्छ ।

राप-ताप उसले जानेको हुँदैन
आगो भए पुग्छ, अरूको कुरा मान्दैन

तातो सबै आगो हुँदैन
मूर्खलाई आगोले पनि छुँदैन ।

●

# भजन मण्डली

मन्दिरको भजन कति पवित्र हुन्छ ?
शुद्ध आत्मा, भगवान्मा भाव हुन्छ ।

अर्को भजन मण्डलीले व्यक्तिको भजन गाउँछन्
भजनै बेग्लै हुन्छ, सत्यलाई मिथ्या बनाउँछन्

जानिराख, दुवै भजनको एउटै काम हो
एउटाले वरत्र र अर्कोले परत्र सपार्ने हो ।

●

## मान्छे र मानिस

मान्छे किन मानिस हुँदैन ?
मानिस हुन जानेकै छैन ।

मान्छे र मानिस उही हो भन्छ
मानिस हुनलाई कति खारिनुपर्छ ।

मान्छेले खान मात्र खोज्छ
मानिसले संसारको भलो चिताउँछ

●

## चन्द्रमा

उज्यालो त चन्द्रमाले पनि दिने
सबै उज्यालो तातो नहुने ।

शीतल उज्यालो अमृत बराबर हुन्छ
लिने होइन, चन्द्रमाले दिने मात्र गर्छ ।

उसका लागि लोभीपापी बराबर छ
त्यही भएर कति सेतो चमक देखिन्छ ।

●

## पाप र धर्म

पाप र धर्म के हो, जान्नुपर्ने भाको छ
बायाँ खुट्टाले पाप र दायाँ खुट्टा धर्मले टेक्दो रहेछ
हाम्रा दुवै खुट्टा उनीहरूकै वशमा छ
एउटाले गडबड गऱ्यो भने अर्कोले बचाउँछ ।

जब पापले टेक्ने खुट्टाले दायाँ खुट्टालाई धम्क्याउँछ
तब त्यो पाप नाश हुन्छ, मान्छेमा सर्दैन भन्नेछ
पापले टेक्ने खुट्टा त पाप मात्र गर्न खोज्छ
त्यसले गर्ने पाप नाश गर्दै दायाँले फेरि बचाउँछ ।

●

## बाटो

मानिस बनेपछि अनि बाटो बन्छ
बाटो बन्नलाई पहिले मानिस बन्नुपर्छ ।

मानिस हिँड्ने बाटो कताकताको
बोकिएर पनि जानुपर्छ बाटो त्यताको ।

त्यसैले मानिस बन्नुपर्छ अनि बाटो बन्छ
बाटो बन्नलाई पहिले मानिस बन्नुपर्छ ।

●

# फर्केर आएन

जति हातमा थियो
त्यो सबै गयो ।

हात खाली भयो
अनि चाल पायो ।

रोयो, करायो, फर्केर आएन
फर्कने गरी गएन, त्यसैले आएन ।

●

# मान्छे किन फुल्छ ?

वर्षमा एकपटक फुल्छ फूल
बास्नै-बास्ना छर्छ त्यो फूल ।

मान्छे सधैँ फुल्छ, मलामी घटाउँछ
फुल्नु फूलको काम हो, फुल्दा ऊ अमर हुन्छ

मान्छेको काम फुल्ने होइन, ऊ किन फुल्छ ?
उसैलाई थाहा छैन ऊ ठूलो बन्न फुल्छ ।

●

# मान्दै मानेन

जाँदै नगई मन अन्तै पुगेछ
हिँड्नै नपर्ने भएर गएछ ।

झुक्किएछ, फक्किएछ, उतै पुगेछ
नजाने भनेर बसेको मन कसरी पुगेछ ?

यो मनको विश्वास रत्तिभर भएन
नजान भन्यो, मान्दै मानेन ।

●

# कुरा

संसारमा राम्रो कुरै रहेछ
त्यसलाई मिलाउँदा सबै मिल्दो रहेछ ।

यता र उता गर्छन् कुरैका लागि
कुरा नमिल्ने पनि कुरैका लागि ।

मन राम्रो भए सबैतिर मिल्छ कुरो
नराम्रो मनको दौडिरहन्छ कुरो ।

●

# जिम्मा

रातले दिनलाई जिम्मा दिने
दिनले रातलाई जिम्मा दिने
संसार जिम्माकै भरमा चल्ने रहेछ
हामीले पनि अरूलाई जिम्मा दिएर जानुपर्ने रहेछ ।

जिम्मा लिएरै आका हामी
जिम्मा दिएरै जाने हामी
केवल हामीसँग जिम्माको भारी रहेछ
त्यो बिसाउने अनि हामी जाने रहेछ ।

●

# लाज

नाङ्गै नबस वस्त्र लगाऊ
बचेखुचेको लाज बचाऊ ।

कुराले आङ ढाकिँदैन
नखाएसम्म भोक मेटिँदैन ।

खानुको अर्थ बुझेर खाऊ
खान नहुने कुरा नखाऊ ।

●

# पीडक र पीडा

यो पीडक र पीडितको जमाना हो
घरघरमा पीडक छन्, मुख्य पीडक त सरकारै हो ।

पीडक र पीडितको भाष्यमा त्यति अन्तर छैन
कोही बुढा त कोही बुढीबाट पीडित छन्
विनापीडित कोही छैन ।

सरकारी पीडा त ज्यानमारासरह नै छ
दिनभर बत्ती आएन, अक्सिजन नभएर मान्छे मऱ्या छ ।

●

# भुटेको बुद्धि

जनता त मकै भुट्छन्
सरकारको त बुद्धि नै भुट्या छन् ।

जे गर्न हुन्न भन्यो त्यही गराउँछन्
भुट्या बुद्धिका भर हुन्न यस्तै गर्छन् ।

विदेशीको हाँडीमा बुद्धि राम्रै भुटेको
त्यसै भएर नेपालमा हुनुपर्ने काम नभाको ।

●

# खल्ती नीति

नेपालको परराष्ट्रनीति नेताको खल्तीमा छ
त्यो साम्राज्यवादी हो भन्छ, छोरो पढ्न उतै पठाउँछ ।

अर्कोले भन्छ, त्यो त साम्यवादी हो
त्यसले सहयोग गर्नुपर्दैन ?
यो वाद र वादीको नीतिमा
आफू परिवर्तन हुनु चाहिँ पर्दैन ।

खल्ती नीतिमा परराष्ट्रलाई हेरिन्छ
त्यसै भएर ह्याँ जे पनि गरिन्छ ।

●

# जात्रैजात्रा

नेपालको संस्कृति पनि बिचित्रको छ
गाईजात्रा सदाबहार छ,
कहीँ नभाको जात्रा हाँडीगाउँमा छ
जिब्रो छेड्ने ठिमीमा, बिस्केटजात्रा भक्तपुरमा
सात गाउँको जात्रा बलम्बुमा, मच्छेन्द्रको पाटनमा
यस्ता जात्रा मान्दामान्दै अरू जात्रा नि मान्न पाइन्छ
नरिवल गुडाउने र भोटोजात्रा
अनि कुमारीजात्रा पनि मनाइन्छ ।

●

# को दोषी ?

गुइँठे र चोइटेको झगडा लुइँठेले मिलाउने
लुइँठे आफैँ सक्किन लाग्या छ, त्यो कस्ले मिलाउने ?

गुइँठेले चोइटेलाई भन्छ किन मलाई आगो लाको ?
मैले होइन, त्यही लुइँठे सक्किसक्या छ, त्यसैले लाको ।

अहिले जो सक्किएको छ, त्यो नै दोषी बन्या छ
एक क्षणमा चोइटे सकिँदैछ, त्यो पनि दोषी बन्दैछ ।

●

# कैँचीमारा नीति

हामी पनि उस्तै छौँ,
उद्घाटन गर्नुपर्‍यो भने कैँची ल्याएर दिन्छौँ ।
त्यही कैँचीले रिबन काट्छन् र उद्घाटन गर्छन्
हामी ताली बजाउँछौँ ।

सधैँ यस्तै ठान्छन्, कैँचीले गर्ने काम गरिरहन्छन्
दुनियाले यसलाई कैँचीमारा भनेर गाली गर्छन् ।

उद्घाटन गर्दागर्दै उसको नीति नै कैँचीमारा बन्छ
अरूले यसो गर्ने हो ? भन्दा गर्ने नै यही हो भन्दिन्छ ।

●

## फाइदा

विश्व हेरीकन नेपाल उच्चकोटीमा छ
टटेर्ना र बकेर्ना पाल्दैमा आनन्द छ ।

गोरु भए पनि जोत्न त मिल्थ्यो
काँका स्यालसिङ्गे आइलागे, के जोतिन्थ्यो !

जे होस्, यिनले घाँस खान्छन् हाम्ले मल बनाउँछौँ
हामी कृषक खेतमा मल हाल्छौँ, उब्जनी बढाउँछौँ ।

●

## ठूलो स्वर

अहिले जोख्ने हो भने कति टन ? करायौँ
आफ्नै स्वरले आफू हरायौँ
ठूलो स्वरले नकराऊ, ओहदाको ख्याल गर
ख्याल गर्ने तागत छैन तिमीमा, स्वर ठूलो नगर ।

सानो स्वर सानो कानले तान्छ
ठूलो स्वरलाई सानो कानले काँ मान्छ ?
त्यसै भएर सबैले स्वर सानो गर
ठूलो स्वर गरेर नसुनाऊ वरपर ।

●